FALGUN-23



# नयाँ कृति

## महिला तथा कानून

प्रजातन्त्र पुनर्प्राप्तिपश्चात् महिला हक-हितका असीमित सन्दर्भहरू विभिन्न संघ-संस्था तथा राजनीतिमा चाख लिने व्यक्तित्वमा चर्चाका विषय बन्न पुगे । कतिपयले महिला हक-हितका नारा बोकेर पनि अज्ञानताको तुवाँलोमा रुमलिन वाध्य महिलाहरूको मनमा गुलियो संसारको प्रतिस्थापन गर्न खोजे । प्रजातन्त्र आएको पनि अब त धेरै भइसक्यो । संविधान बन्यो, छोराछोरी समान गर्ने भनियो तर छोरीका हातमा फुस्सा ! सबैजसोले तत्काल समानताको नाममा आँखा लगाएको सम्पत्तिको हक मात्रै महिला समानताको मूल आधार हो त ? नयाँ संविधान बनेपछि सोही अनुरूप अन्य ऐन, कानूनमा पनि सुधार भएको छ वा छैन र छैन भने संविधानको भावना अनुकूल कानून बनाउन कहाँ कहाँ परिवर्तन आवश्यक छ आदि कुराको समाधान प्रस्तुत गर्न खोजिएको छ, "महिला तथा कानून" मा ।

प्रचलित नेपाल कानूनका विकास प्रशासन, प्रविधि तथा यस्तै आधुनिक कानूनी पक्षलाई यस पुस्तकमा समेट्न नसकिए पनि परम्परागत कानूनी क्षेत्रहरूसित सम्बन्धित पक्षलाई सूक्ष्मरूपमा केलाउन खोजिएको छ ।

संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप) ले महिलाको कानूनी स्थिति तथा सुधारको लागि उत्प्रेरणा दिनेखालका सामग्रीहरू प्रस्तुत गरेर महिलासित सम्बन्धित प्रचलित नेपाल कानूनलाई मानव अधिकारसम्बन्धी वर्तमान धारणा तथा परिवर्तित राष्ट्रिय सन्दर्भ र आवाज अनुरूप एकीकृत, परिमार्जित तथा सुधार गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराएको छ ।

आकर्षक साजसज्जामा प्रकाशित यस पुस्तकमा सामान्य पाठकले पत्ता नपाउने खालका भाषागत त्रुटि भने यत्रतत्र भेटिन्छ । तैपनि पुस्तक पठनीय र मननीय देखिन्छ ।

पुस्तक:- महिला तथा कानून/ सम्पादक:- विपिन अधिकारी/ प्रकाशक:- संवैधानिक तथा संसदीय अभ्यास समाज (स्कोप)/ प्रकाशन मिति:- २०५० संविधान दिवस/ मूल्य:- अनङ्कित

–हरिकला